श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७८।०७९ सालको निर्णय नं. ४६७

पुनरावेदन नं. ०७६-RB-०२३४

पुनरावेदन दर्ताः- २०७७।०३।१०

**मुद्दाः- आयकर (२०७३/०७४) ।**

| | |
|---|---|
| महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाईनरी प्रा.लि. लिपनीमाल बारा (स्थायी लेखा नं. ३०३७८६९३४५) को तर्फबाट अख्तियार प्राप्त अध्यक्ष संचालक वीरेन्द्र कुमार संघई.................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, ललितपुर.................................१<br>आन्तरिक राजस्व विभाग, काठमाण्डौं.................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय :- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी :- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु निर्णय मिति :- २०७६/०४/२४

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालय :- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने पदाधिकारी :- महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मिति :- २०७७।०३।२९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री विकास अग्रवाल

प्रत्यर्थी कार्यालयका तर्फबाटः- विद्वान उप-न्यायाधिवक्ता श्री तारा सिंह धामी

**अविलम्बित नजीरः-x**

ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६/०४/२४ मा भएको संशोधित कर निर्धारण आदेश उपर करदाताले प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा ६० दिन भित्र निर्णय नगरेको भनी आयकर ऐन, २०५८ को दफा ११५(८) र दफा ११६ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन पर्न आएको र विभागबाट मिति २०७७।०३।२९ मा निर्णय भई फाइल प्राप्त भएको प्रस्तुत मुद्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालय, ललितपुरको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाईनरी प्रा.लि. बाट आ.व. २०७३/०७४ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार औद्योगिक व्यवसाय तर्फ करयोग्य नोक्सानी रू.१२,११,४६,४८१।९४ कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७४/०९/२९ मा आय विवरण पेश गरेको ।

२. करदाता श्री महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाईनरी प्रा.लि. बाट पेश हुन आएको आ.व. २०७३/०७४ को आय विवरणसाथ संलग्न कागजातहरू, फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाइने खर्चकट्टी दावी गरेको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य नोक्सानी रू. ६,८०,७७,६९४।४६ कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७६/०३/३१ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६/०३/३१ मा जारी भएको सूचना करदाताले मिति २०७६/०४/०६ मा बुझी लिई सो सूचनाको जवाफ करदाताले मिति २०७६/०४/१५ मा पेश गरेको ।

४. प्रस्तुत करदाताको आ.व. २०७३।०७४ को लागि रू.६,८०,७७,६९४।४६ करयोग्य नोक्सानी कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६/०४/२४ मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७६/०४/२४ मा जारी गरेको आ.व. २०७३/०७४ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी श्री

महालक्ष्मी सोल्भेट एण्ड रिफाईनरी प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०५/१२ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेकोमा आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिम ६० दिनभित्र निर्णय गरि सक्नुपर्नेमा सो नभएको कारणबाट ऐ.ऐनको दफा ११५(९) बमोजिम आन्तरिक राजस्व विभागलाई जानकारी दिई म्यादभित्र यस राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गरेको।

६. आयकर ऐन, २०५८ को दफा २०(१) (ख) मा तोकिएको समयावधि भित्र व्यवसायबाट विगत आर्थिक बर्षमा व्यहोरेको नोक्सान कट्टी पाउने व्यवस्था बमोजिम आ.व. २०७२।०७३ मा कायम गरेको नोक्सानी सम्बन्धमा यसै राजस्व न्यायधिकरणमा पुनरावेदन दिएकोमा सो हाल विचाराधीन अवस्थामा नै रहेको छ। विचाराधीन पुनरावेदनपत्र जिकिरलाई यसको अभिन्न अंग मानी गतवर्षको नोक्सानी रु.४,८८,०५,१४५।५५ लाई अमान्य गर्ने विपक्षीको निर्णय त्रुटिपूर्ण हुँदा बदरभागी छ। उद्योगलाई आवश्यक पर्ने ऋण लिइ हामीले बैंकलाई व्याज तिरेका हौं। बैंकलाई तिरेको र प्रमाणित व्याज खर्चलाई Sundry Advances रहेकोमा भनी अमान्य गर्न मिल्दैन। विविध आसामीसँग लिनुपर्ने रकम, आपूर्तिकर्ताहरुलाई भुक्तानी भएको अग्रिम भुक्तानी रकम र कम्पनीले विभिन्न बैंक तथा वित्तीय संस्थालाई भुक्तानी गरेको व्याज रकमलाई प्रयोजन नखुलेको भनी क्रमशः रु.९,४५,०८०/-, रु.११,८४,०४०/- तथा रु.५,२३,१६६।- समेत रु.२६,५२,२८६।- व्याज खर्चलाई अमान्य गरिएको विपक्षीको निर्णय आयकर ऐन २०५८ को दफा १४(१) विपरीत छ। कम्पनीले यस आ.व. मा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ४८ बमोजिम मुनाफाको १% रकम व्यवसायिक सामाजिक जिम्मेवारी वापत नाफा/नोक्सान हिसाव खातामा खर्च व्यवस्था मात्र गरेका हो। उक्त खर्चलाई आय विवरणमा आय गणना गर्ने प्रयोजनको निमित्त खर्च दावी गरेको होइन। तसर्थ खर्च कट्टी नलिईएको रु.८७,६१३।४३ रकमलाई कर निर्धारण गर्ने क्रममा खर्च कट्टी नपाईने भनी गरेको निर्णय त्रुटिपूर्ण र बदर भागी रहेको छ। कम्पनीले खरीदकर्ता पार्टी शिव इम्पेक्सलाई वर्षभरिमा रु.६,३२,२७,६९२।५० मूल्य वरावरको मालवस्तु विक्री गरी विभिन्न मितिमा रु.१५,२३,७४२।५० मूल्य वरावरको मालवस्तु कम्पनीलाई फिर्ता भएको हुँदा शिव इम्पेक्सलाई जम्मा रु.६,१७,०३,९५०/- को विक्री गरेको देखिएको हो। खरिदकर्ताले गणितीय भुल गरेको आधारमा Mismatch बाट फरक रकम रु.१५,२३,७४२।५० लाई आयकर ऐन, २०५८ को दफा ७(२)(ख) बमोजिम आयमा समावेश गरी ठूला करदाता कार्यालयबाट भएको कर निर्धारण त्रुटिपूर्ण हुँदा बदर गरी पाऊँ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट मिति २०७७।३।१० मा यस न्यायाधिकरण समक्ष पेश गरेको पुनरावेदन पत्र।

७. करदाताले बढी दावी गरेको नोक्सानी रु. ४,८८,०५,१४५।५५ आयकर ऐन, २०५८ को दफा २०(१) (ख) बमोजिम अमान्य गरेको, Sundry advance को व्याज खर्च रू.९,४५,०८०।०० लाई आयकर ऐन, २०५८ को दफा १४(१) बमोजिम अमान्य गरिएको, अग्रिम भुक्तानी रकम रू.१,५६,००,०००।०० को व्याजखर्च कट्टी रू.११,८४,०४०।०० लाई र अग्रिम भुक्तानी रकम रू.६८,९२,८३०।०० को व्याजखर्च कट्टी रू.५,२३,१६६।०० लाई आयकर ऐन, २०५८ को दफा १४(१) बमोजिम अमान्य गरिएको, व्यवसायिक सामाजिक दायित्वको व्यवस्था अन्तर्गतका रू.८७,६१३।४३ खर्चकट्टीलाई आयकर ऐन २०५८ को दफा १३(ग) बमोजिम खर्चकट्टी अमान्य गरिएको, आय विवरणको अनुसूची १३ मा Reporting गरेको तथ्याङ्कको Mismatch मा करदाताले कम विक्री देखिएको रकम रु.१५,२३,७४२।५० लाई आयकर ऐन, २०५८ को दफा दफा ७(२)(ख) बमोजिम आयमा समावेश गरी ठूला करदाता कार्यालयबाट भएको कर निर्धारण मनासिव नै देखिँदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत ब्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।२९ मा भएको प्रशासकीय पुनरावलोकनको निर्णय।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/१०/०६ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी कार्यालयबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाईनरी प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री विकास अग्रवालले ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश तथा उक्त आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय त्रुटिपूर्ण रहेकोले सो बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाऊँ भनी तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री तारासिंह धामीले करदाताले जिकिर लिएका विषयहरुलाई पुष्टि गर्ने प्रमाण कागजहरु पेश गर्न असमर्थ रहेको अवस्था हुँदा सुरु निर्णय तथा सोही निर्णय सदर गरेको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय समेत विधिसम्मत रहेकोले उक्त निर्णय सदर गरी पाऊँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको आ.व. २०७३/०७४ को हकमा भएको संशोधित कर निर्धारणको आदेश मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

११. करदाताको पहिलो पुनरावेदन जिकीर ठूला करदाता कार्यालय, ललितपुरले संशोधित कर निर्धारण आदेशको क्रममा गत आ.व.को नोक्सानी भन्दा वढी नोक्सानी दावी गरेको भनी रु.४,८८,०५,१४५।५५ खर्च कट्टी नपाउने भनी लिएको आधार त्रुटिपूर्ण भएको हुँदा बदर गरी खर्च कट्टी पाउनु पर्ने भन्ने सम्बन्धमा रहेको देखिन्छ। ठूला करदाता कार्यालय, ललितपुर समक्ष करदाताले पेश गरेको आ.व. २०७३।०७४ को आय विवरणमा रु.१५,१७,०६,२१३।८८ नोक्सानी दावी गरेको देखिन्छ। सो सम्बन्धमा ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको आ.व. २०७२।०७३ को संशोधित कर निर्धारणको क्रममा रु.१०,२९,०१,०६८।३३ मात्र नोक्सानी कायम भएकोमा करदाताले दावी गरेको बढी नोक्सानी रु.४,८८,०५,१४५।५५ लाई अमान्य गरेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २०(१) मा "कुनै व्यक्तीले कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिम नोक्सानी कट्टी गर्न पाउने छः(क) सो व्यक्तिले अन्य कुनै व्यवसायबाट व्यहोर्नु परेको सो बर्षको कुनै कट्टी हुन नपाउने नोक्सानी (ख) त्यस्तो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत ७ बर्षहरुको कट्टी हुन नपाएको नोक्सानी" भन्ने कानुनी व्यवस्था रहेको छ। पुनरावेदक करदाताको आ.व. २०७१/०७२ र २०७२।०७३ को संशोधित कर निर्धारण सम्बन्धमा परेको मुद्दामा यस न्यायाधिकरणबाट मिति २०७९।३।२० मा पुनः संशोधित कर निर्धारण गर्ने गरी शुरुमा पठाएको अवस्था देखिंदा नोक्सानी रकम परिवर्तन हुन सक्ने हुँदा अन्तर प्रभावित यो शिर्षकमा ठूला करदाता कार्यालयबाट आ.व. २०७३/०७४ को संशोधित कर निर्धारण गरेको आयकर ऐन, २०५८ को दफा २०(१) (ख) वमोजिम मिलेको देखिएन। अव पुनरावेदक करदाताको आ.व. २०७१/०७२ र २०७२।०७३ को संशोधित नोक्सानीलाई आधारमानी आ.व. २०७३/०७४ को संशोधित कर निर्धारण गर्नुपर्ने देखिएकोले आ.व. २०७१/०७२ र २०७२।०७३ को संशोधित कर निर्धारणबाट कायम भएको नोक्सानी समेतका आधारमा आ.व. २०७३/०७४ को आयकर तर्फको पुनः संशोधित कर निर्धारण गर्न शुरु मिसिल ठूला करदाता कार्यालय ललितपुरमा लेखी पठाई दिन मनासिव देखियो।

१२. पुनरावेदक करदाताले पुनरावेदन पत्रको दोस्रो बुंदामा लिएको दोस्रो पुनरावेदन जिकीर व्यवसायको प्रयोजनको लागि **Sundry debtors** बाट उठाउन बांकी रकमको व्याज खर्चलाई खर्च कट्टी गर्न पाउनुपर्नेमा उक्त व्याज खर्च अमान्य गरेको मिलेन भनी जिकिर लिएको देखिन्छ। करदाताले आ.व २०७३/०७४ को **Sundry debtors** मा व्याज खर्च शिर्षकमा रू.९,४५,०८०।- खर्च कट्टीको दावी गरेको पाइन्छ। आयकर ऐन, २०५८ को दफा १४(१) मा "कुनै ब्यक्तिले कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिको व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको देहायको ऋण दायित्व अन्तर्गत सो वर्षमा लागेका सबै व्याज कट्टी गर्न पाउनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १४ मा रहेको उक्त कानूनी व्यवस्था बमोजिम आय आर्जन हुने कुनै कार्यको लागि लिएको ऋण वापत तिरेको व्याज मात्र खर्च कट्टी पाउने देखिन्छ । प्रस्तुत मुद्दामा हेर्दा करदाताले एकातर्फ पूँजीको अभाव भएको भनी बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण उपयोग गरी व्याज खर्च दावी गरेको देखिन्छ भने अर्कोतर्फ करदाताले विभिन्न २१ वटा पार्टीसँग गत आ.व. देखि उठाउन बाँकी रकम उठाउन पर्याप्त प्रयास समेत नगरेको र सो ऋण वापतको रकम व्यवसायको आय आर्जनमा उपयोग नभएको देखिन्छ। करदाताले आ.व. २०७३/०७४ मा देखाएको ब्याज खर्चको सम्बन्धमा उक्त कानून बमोजिमको शर्त पूरा भएको देखिँदैन। अतः करदाताले विभिन्न पार्टीसँग उठाउन बाँकी रकम उठाउन पर्याप्त प्रयास नगरी सो बापतको बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम व्यवसायको आयआर्जनमा उपयोग नभएको देखिँदा शुरु ठूला करदाता कार्यालयबाट आयकर ऐन, (संशोधन सहितको) २०५८ को दफा १४(१) बमोजिम करदाताले यो आ.व.मा बैंकलाई तिरेको ७.५९ प्रतिशत दरले हिसाव गर्दा उठाउन बांकी रु.१,२४,५१,६४१।६३ को हुने ब्याज खर्च रु.९,४५,०८०।— लाई अमान्य गर्ने भनी भएको संशोधित कर निर्धारण आदेशलाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन।

१३. करदाताले लिएको तेस्रो पुनरावेदन जिकिरमा व्यवसायिक सामाजिक दायित्वको व्यवस्था (CSR Provision) भनी रु.८७,६१३।४३ खर्च कट्टी अमान्य गरेको सम्बन्धमा रहेको देखिन्छ। औधोगिक व्यवसाय ऐन, २०७३ को दफा ४८ बमोजिम मुनाफाको १ प्रतिशत रकम व्यवसायिक सामाजिक जिम्मेवारी वापत नाफा/नोक्सान हिसाव खातामा खर्च व्यवस्था मात्र गरेको हो उक्त खर्चलाई खर्च कट्टी दावी नलिएको हुँदा त्यस्तो खर्च कट्टी अमान्य हुने भन्ने ठूला करदाता कार्यालयको निर्णय त्रुटीपूर्ण र बदरभागी छ भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ। करदाताले आयविवरण पेश गर्दा सामाजिक दायित्वको व्यवस्था (CSR Provision) भनी रु.८७,६१३।४३ खर्च कट्टी दावी लिएको देखिन्छ भने अर्कोतर्फ

करदाताले औधोगिक व्यवसाय ऐनको व्यवस्था अनुसार मुनाफाको १ प्रतिशत रकम Corporate Social Responsibility अन्तर्गत शीर्षकमा खर्च व्यवस्था मात्र गरेको उक्त खर्चलाई खर्च कट्टी दावी नलिएको भनी जिकीर लिएको पाइन्छ। अतः करदाताले रु.८७,६१३।४३ खर्च कट्टी दावी रकम वास्तविक खर्च नभै व्यवस्था गरेको रकम मात्र रहेको जिकिर लिएको र उक्त खर्च कट्टी नहुने कुरालाई करदाताले पनि स्वीकार नै गरेको देखिंदा शुरु ठूला करदाता कार्यालय, ललितपुरबाट आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी अमान्य हुने गरी गरेको संशोधित कर निर्धारण आदेश मिलेकै देखियो।

१४. करदाताको अन्तिम पुनरावेदन जिकीर Mismatch Reported को सम्बन्धमा रहेको देखिन्छ। करदाताले शिवम ईम्पेक्सले यस आ.व.मा देखाएको खरिद भन्दा रु.१५,२३,७४२।५० कम विक्री दावी गरेको पाइयो। उक्त फरक परेको कारोबार रकमको सम्बन्धमा यथार्थता के हो भनी आधार र कारण सहित करदाताले खण्डन गर्न सकेको पाइएन। यस स्थितिमा करदाताको कम विक्री देखिएको Mismatch reported रकम रु.१५,२३,७४२।५० आयकर ऐन, २०५८ को दफा ७(२)(ख) बमोजिम करदाताको मूनाफा र लाभमा समावेश गरेको शुरु निर्णय मिलेकै देखिंदा अन्यथा भन्न मिलेन।

१५. अतः माथि विवेचित आधार एवं कारण समेतबाट करदाता महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाइनरी प्रा.लि. (स्थायी लेखा नं ३०३७६९३४५) को आ.व. २०७३।०७४ को संशोधित कर निर्धारण गर्दा ठूला करदाता कार्यालयले नोक्सानी कट्टी अमान्य गरी मिति २०७६।४।२४ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।३।२९ को निर्णय समेत उक्त शीर्षकको हकमा मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। यिनै करदाताको आ.व. २०७१।०७२ र ०७२।०७३ को संशोधित कर निर्धारण सम्बन्धमा परेका मुद्दामा यस न्यायाधिकरणबाट मिति २०७९।३।२० मा पुनः संशोधित कर निर्धारण गर्न शुरुमा पठाएको हुँदा उक्त पुनः संशोधित कर निर्धारण आदेश समेत हेरी नोक्सानी कट्टी शीर्षकमा करदाताको पुनः संशोधित कर निर्धारण गरिदिनु भनी फाइल शुरुमा पठाइदिनु। करदाताको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथी ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता महालक्ष्मी सोल्भेन्ट एण्ड रिफाइनरी प्रा.लि. (स्थायी लेखा नं ३०३७६९३४५) को आ.व. २०७३।०७४ को

संशोधित कर निर्धारण गर्दा ठूला करदाता कार्यालयले नोक्सानी कट्टी अमान्य गरी मिति २०७६।४।२४ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।३।२९ को निर्णय समेत उक्त शीर्षकको हकमा मिलेको नदेखिई केही उल्टी हुने ठहरी फैसला भएकोले प्रस्तुत फैसलामा उल्लेख भएको नोक्सानी कट्टी शीर्षकमा करदाताको पुनः संशोधित कर निर्धारण गरिदिनु भनी फाइल शुरुमा पठाइदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः पाल्साङ्ग लामा
तामेलदारः अशोक विश्वकर्मा
ईति सम्वत् २०८० साल असार ३ गते रोज १ शुभम् ---------------------------------

फैसला प्रमाणिकरण गर्नेः-

फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप